# राष्ट्रिय सूचना आयोग

त्रिपुरेश्वर, काठमाडौं

राष्ट्रिय सूचना आयोग
२०६५

प. सं. ०८२/८३

च. नं. 330

०१-४५९६५४४


## शुभकामना सन्देश

आजबाट हामी नयाँ वर्ष २०८३ मा प्रवेश गरेका छौं। आमनिर्वाचन सम्पन्न भई नयाँ जनमतसहितको नयाँ सरकार गठन भएसँगै आएको नयाँ वर्ष नयाँ उमङ्ग बोकेर आएको बिश्वासका साथ राष्ट्रिय सूचना आयोग सबै नेपाली दिदीबहिनी तथा दाजुभाइमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ।

राष्ट्रिय सूचना आयोग पारदर्शी र सेवामुखी सार्वजनिक निकायको अवधारणालाई जीवनशैली बनाउन क्रियाशील रहदै आएको सबैमा विदितै छ। आयोगले नागरिकको सूचना माग गर्न पाउने अधिकारका विषयमा सचेतना कार्यक्रम र नागरिकमा सूचना प्रवाह गर्ने सार्वजनिक निकायको दायित्व पूरा गर्न निर्देशनात्मक आदेश गर्दै आएको छ।

नयाँ वर्ष प्रवेशसँगै आयोग नयाँ रणनीतिक योजनाका साथ अगाडि बढ्दै छ। न्यायपूर्ण र पारदर्शी समाज निर्माणका लागि सूचना संस्कृतिको विकास अनिवार्य शर्त हो। सूचना प्रवाहलाई सरल र सहज बनाउँदै सहभागितामूलक र सुसूचित समाज आयोगको ध्येय रहेको छ। राज्यसंयन्त्रका विभिन्न निकायसँगको सहकार्यलाई प्राथमिकतामा राखेर नागिरकको मौलिक हकका रुपमा रहेको सूचनाको हकको प्रत्याभूति गराउन आयोग सदैव क्रियाशील रहेको छ र रहिरहने बिश्वास दिलाउन चाहन्छौं।

सूचनाको हक सूचनाको माग वा स्वत प्रकाशनको विषय मात्र होइन। सबै सार्वजनिक निकायबाट भएका निर्णय वा भइरहेका कामका विषयमा नियमित र निरन्तर रुपमा नागरिकलाई सुसूचित गर्नु पनि नागरिकको सूचनाको हक हो। तसर्थ आयोगले सूचना प्रवाहमा सार्वजनिक निकायबाट पूर्व सक्रियताको अपेक्षासहित काम अगाडि बढाएको छ। यो नै सूचना संस्कृतिको उदाहरण हो।

नयाँ वर्ष २०८३ को अवसरमा नागरिकको सूचनाको अधिकारको सुनिश्चितताका लागि सबै सार्वजनिक निकायले प्रण गरौं। हार्दिक मंगलमय शुभकामना।

डा. सुरेशप्रसाद आचार्य
प्रमुख सूचना आयुक्त